बैठक संख्या: ०१
समय: दिउँसो ११:०० बजे
मिति: २०८१/०४/०७ गते
ने.सं. ११४४ दिल्लागा १ सोमवार
आ.व.२०८१/०८२

आज मिति २०८१ साल श्रावण महिनाको ०७ गते सोमबारका दिन यस बराहताल गाउँपालिकाका अध्यक्ष श्री भिम बहादुर भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति

| सि नं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर भण्डारी | अध्यक्ष | |
| २ | श्री लक्ष्मी पुन मगर | उपाध्यक्ष | |
| ३ | श्री बमबहादुर बडुवाल | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री भिमबहादुर सावद | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री शेरबहादुर पुन मगर | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री वृषबहादुर सिजापती | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री धिमराज जोल्मी मगर | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री नमराज शर्मा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री कुल बहादुर बुचा ~~मगर~~ | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री केशर बहादुर कार्की | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री युवराज पुलामी मगर | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री हरिलाल सलामी | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री डिला शाह | कार्यपालिका सदस्य | |
| १४ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री टिका बि.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री यज्ञ वि.क | कार्यपालिका सदस्य | |
| १८ | श्री जगत सुनार | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी गुरुङ | कार्यपालिका सदस्य | |
| २० | श्री प्रेम बहादुर डि.सी. (प्र.प्र.अ.) | सदस्य सचिव | |
| | सहयोगी कर्मचारीहरु | | |
| १ | श्री राजिमान बुढा | प्रशासन योजना अधिकृत | |
| २ | गोविन्द सिजापति | सूचना प्रविधि अधिकृत | |
| ३ | तुल बहादुर भण्डारी | कार्यालय सहयोगी | |

**निर्णय नं १** प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँ कार्यपालिकाको आ व २०८०/०८१ मा भएका सम्पुर्ण बैठकका निर्णयहरुको समिक्षा तथा गाउँपालिका र वडा कार्यलयबाट हालसम्म भएका योजनाहरुको समिक्षा गरियो । केही योजना सम्पन्न हुन बाकी रहेको हुदा बाँकी रहेका योजनालाई यथाशिघ्र सम्पन्न गर्न गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालय र सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २** प्रस्ताव नं २ माथी छलफल गर्दा बराहताल गाउँपालिकाबाट संचालन गर्ने पहिलो चौमासिक योजनाहरु वडा बाट छनोट गरि श्रावण मसान्त सम्म गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं ३** प्रस्ताव नं ३ माथी छलफल गर्दा बराहताल गाउँपालिकाबाट संचालन हुने लक्षित वर्गका कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न आजको कार्यपालिका बैठकमा पेश भएको बराहताल गाउँपालिकाको लक्षित वर्ग कार्यक्रम तर्जुमा तथा संचालन कार्यविधि २०८१ सबै कार्यपालिकाका सदस्यलाई उपलब्ध गराउने थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** प्रस्ताव नं ४ माथी छलफल गर्दा बराहताल गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई स्वच्छ पारदर्शी र एकरुपता कायम गर्न कार्यपालिकामा पेश हुन आएको बराहताल गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०८१ सबै कार्यपालिकाका सदस्यलाई उपलब्ध गराउने र थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।



CamScanner